"कृषि, शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, वातावरण तथा सञ्चार कविलासी नगरपालिकाको समृद्धिको मूल आधार"

# आर्थिक वर्ष २०८३/८४ को

# बजेट वक्तव्य

कविलासी नगरपालिका

सर्लाही

मधेश प्रदेश, नेपाल

२०८३

## मधेश प्रदेश, नेपाल

# कविलासी नगरपालिकाको पन्ध्रौं नगर सभाको पहिलो बैठकमा उपप्रमुख श्री पुनम कर्णले प्रस्तुत गर्नु भएको

# आर्थिक बर्ष २०८३।०८४ को बजेट वक्तव्य

कविलासी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कविलासी, सर्लाही
२०८३
www.kawilasimun.gov.np

१. कविलासी नगरपालिका नगर सभाको १५ औं अधिवेशनको पहिलो बैठकमा उपस्थित कार्यक्रमको अध्यक्षता ग्रहन गरिरहनु भएका नगर प्रमुखज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, नगर सभाका सम्पूर्ण पदाधिकारी सदस्यूहरू, राष्ट्रसेवक कर्मचारी, विभिन्न संघ-संस्था, विद्यालय, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सुरक्षा निकायहरूबाट पाल्नु भएका प्रमुख, शिक्षक, कार्यालय प्रतिनिधि, बुद्धिजीवीवर्ग, सामाजिक अभियन्ता, समाजसेवी, पत्राकार महोदय एवम् सम्पूर्ण नगरवासी महानुभावज्यूहरू र स्वदेश तथा विदेशबाट यस कार्यक्रमको प्रत्यक्ष प्रसारणमार्फत जोडिनुभएका सम्पूर्ण शुभेच्छुकहरूमा हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु ।

**सभा अध्यक्षज्यू,**

२. नेपालको संविधानको धारा २२३ बमोजिम गठित यस कविलासी नगरपालिकाको पन्ध्रौं नगर सभामा नगरस्तरीय बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले कविलासी नगरपालिकाका जनताको प्रतिनिधिमूलक यस गरिमामय सभा समक्ष आगामी आर्थिक वर्ष ०८३।०८४ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरव महसुस गर्दै मलाई अपार खुशिको अनुभूति भइरहेको छ ।

३. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना एवं लोकतन्त्र प्राप्तिको लागि विभिन्न कालखण्डमा भएका जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन र आदिवासी जनजाती आन्दोलन, जेन्जी विद्रोह लगायतका राजनीतिक क्रान्ति एवम् संघर्षको गौरवपूर्ण ईतिहासप्रति उच्च सम्मान प्रकट गर्दै नेपालको लोकतान्त्रिक आन्दोलनको क्रममा आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

४. सहिदका परिवारजन र विभिन्न आन्दोलनका क्रममा अंगभंग भई कठिन जीवन यापन गरि रहनु भएका नागरिकहरूलाई श्रद्धापूर्वक नमन गर्दै वहाँहरूको त्याग र बलिदानप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र प्राप्तिको

आन्दोलनको कठिन परिस्थितिमा त्याग र नेतृत्व गर्नुहुने आदरणीय अग्रज राजनीतिज्ञहरू प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

५. स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६७ मा बजेट तथा कार्यक्रम तर्जुमा समितिले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयारी गर्दा विगतको अनुभवहरूलाई समेत मध्यनजर गर्दै आगामी वर्षको लागि उपलब्ध बजेट सीमाभित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण र बजेट/कार्यक्रमको प्रस्तावलाई विषयक्षेत्रगत रूपमा छलफल गर्ने व्यवस्था मिलाई अन्तिम प्रस्ताव तयार गर्नुपर्ने र दफा ७१ मा आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई यस गरिमाय सभामा पेश गरेको छु ।

६. नेपालको संवैधानिक परिकल्पना अनुसारको लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई सुदृढीकरण गर्दै जनताहरूको घर आँगनमा रहेको सरकार मार्फत सुशासन सहितको विकास र समृद्धी हासिल गर्न उपलब्ध स्रोत साधनलाई अधिकतम ढंगलले परिचालन गरी पालिकाबासीको जीवनस्तर सुधारका लागि आर्थिक समृद्धि उन्मुख अर्थतन्त्र निर्माणमा सघाउ पुर्याउने उद्देश्यका साथ बजेट तर्जुमा गरेको छु ।

७. नेपाल सरकार र प्रदेश सरकारबाट आ.व. २०८३।०८४ को बजेट वक्तव्य मार्फत घोषणा गरिएका आयोजना तथा कार्यक्रमहरू सम्पन्न गर्न नेपाल सरकार र प्रदेश सरकारलाई सफलता मिलोस भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

८. आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रमको लक्ष्य नगरवासीको सर्वाङ्गीण विकास सँगै समृद्धि सुशासन सेवा प्रवाहका साथै विकासको अपेक्षालाई उपलब्ध श्रोत साधनको समुचित प्रयोग गर्दै नगरवासीको आंकाक्षा पूरा गर्न दृढ संकल्पित रहेको कुरा यहाँहरू समक्ष जानकारी गराउन चाहन्छौ ।

९. चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा टेकेर नगरको आर्थिक, सामाजिक, साँस्कृतिक विकासको उदेश्य, लक्ष्य, रणनीति र कार्यनीति सहितको स्पष्ट विकासको खाका निर्धारण गरी नगरपालिकाको वार्षिक तथा आवधिक योजना कार्यान्वयन गर्न यो नीति तथा कार्यक्रम निर्देशित छ ।

१०. आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तयार गर्दा निम्न पक्षलाई मुख्य मार्गनिर्देशकको रूपमा लिएको छ ।

क. नेपालको संविधान, २०७२

ख. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

ग. राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४

घ. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

ङ. नेपाल सरकार र मधेश प्रदेश सरकारले तर्जुमा गरेका नीति तथा कार्यक्रम

च. दिगो विकास लक्ष्यहरू हासिल गर्ने लगायत नेपाल सरकाले अन्तरराष्ट्रिय क्षेत्रमा जनाएका प्रतिवद्धताबाट श्रृजित दायित्व ।

छ. नेपाल सरकार र मधेश प्रदेश सरकारका आवधिक योजनाहरू र यस नगरपालिकाले बनाएको योजना लगायत अन्य कानूनहरू ।

ज) नेपाल सरकार र मधेश प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक, सामाजिक लगायतका विकासका नीतिहरू लगायत ।

११. आगामी आर्थिक वर्षमा संघ, प्रदेश र नगरपालिका सरकार बीच सहकारिता, सहअस्तित्व र समन्वय मार्फत वितीय संघीयताको कुशल अभ्यास गरी सामाजिक, राजनैतिक तथा विकासका आयामहरूमा क्रमिक सुधार तथा रूपान्तरण गर्दै लगिने विश्वास व्यक्त गर्न चाहन्छु ।

सभा अध्यक्ष महोदय,

**अब म आर्थिक वर्ष २०८२।०८३ को वार्षिक कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगतिको संक्षिप्त समिक्षा गर्ने अनुमति चाहन्छु ।**

**१२. आर्थिक वर्ष २०८२।०८३ को वार्षिक समीक्षा :**

आज मिति २०८३ असार ०८ गते कविलासी नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्दा चालु आर्थिक वर्ष २०८२।०८३ को असार ७ गतेसम्मको अवधिलाई आधार मानी भौतिक तथा वित्तीय प्रगतिहरू प्रस्तुत गरिएको छ । चालु आर्थिक वर्षको बाँकी अवधिको भौतिक तथा वित्तीय प्रगतिहरू वार्षिक प्रगति समीक्षा गरी अगामी नगरसभामा प्रस्तुत गरिने बेहोरा अनुरोध गर्दछु ।

**१२.१ सामाजिक विकास** : सामाजिक विकास तर्फका कुल योजना तथा कार्यक्रममा विनियोजित रकम ३२ करोड ४९ लाख ७१ हजार रूपैयाँ रहेकोमा असार ७ गतेसम्म सम्पन्न भएका योजनाको खर्च १७ करोड ८० लाख ९० हजार रहेको छ र बाँकी रू.१४ करोड ६८ लाख ८१ हजार रूपैयाँको योजना तथा कार्यक्रम कार्यान्वयनको अवस्थामा रहेका छन् ।

**१२.२. आर्थिक विकास :** आर्थिक विकास तर्फका कुल योजना तथा कार्यक्रममा विनियोजित रकम ४ करोड १८ लाख ४ हजार रूपैयाँ रहेकोमा असार ७ गतेसम्म सम्पन्न भएका योजनाको खर्च १ करोड ७ लाख ३३ हजार रहेको छ र बाँकी रू.३ करोड १० लाख ७१ हजार रूपैयाँको योजना तथा कार्यक्रम कार्यान्वयनको अवस्थामा रहेका छन् ।

**१२.३. पूर्वाधार विकास :** पूर्वाधार विकास तर्फका कुल योजना तथा कार्यक्रममा विनियोजित रकम १३ करोड ९४ लाख ७६ हजार रूपैयाँ रहेकोमा असार ७ गतेसम्म सम्पन्न भएका योजनाको खर्च ३ करोड २० लाख ८३ हजार रूपैयाँ रहेको छ र बाँकी रू.१० करोड ७३ लाख ९३ हजार रूपैयाँको योजना तथा कार्यक्रम कार्यान्वयनको अवस्थामा रहेका छन् ।

**१२.४. विपद् व्यवस्थापनः** विपद् व्यवस्थापन तर्फका कुल योजना तथा कार्यक्रममा विनियोजित रकम २० लाख रूपैयाँ रहेकोमा असार ७ गतेसम्म सम्पन्न भएका योजनाको खर्च १५ लाख ५३ हजार रहेको छ र बाँकी रू.४ लाख ४७ हजार रूपैयाँको योजना तथा कार्यक्रम कार्यान्वयनको अवस्थामा रहेका छन् ।

**१२.५. कार्यालय सञ्चालन तथा प्रशासनिक :** कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फका कुल योजना तथा कार्यक्रममा विनियोजित रकम १३ करोड १३ लाख ७४ हजार रूपैयाँ रहेकोमा असार ७ गतेसम्म खर्च ६ करोड ७९ लाख २ हजार रूपैयाँ भएको छ ।

**१२.६. संघीय समपुरक तर्फ :** संघीय समपुरक तर्फका कुल योजना तथा कार्यक्रममा विनियोजित रकम २ करोड ५ लाख रूपैयाँ रहेकोमा असार ७ गतेसम्म रू.१५ लाख ३२ हजार रूपैयाँको योजना तथा कार्यक्रम कार्यान्वयनको अवस्थामा रहेका छन् ।

**सभाध्यक्षज्यू,**

१३. कविलासी नगरपालिका सामू मुख्यरूपमा देखिएका निम्न चुनौतिहरू संक्षेपमा प्रस्तुत गर्न चाहन्छु :

- चालु आर्थिक वर्षमा संघीय र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व, अनुदान र आन्तरिक राजस्व लक्ष्य भन्दा कम संकलन भएको छ । संघीय र प्रदेश सरकारको राजस्व बाँडफाँडबाट प्राप्त हुने आय, आन्तरिक आय र वित्तीय समानीकरण मार्फत प्राप्त हुने अनुदान लक्ष्यको तुलनामा कम प्राप्त हुनुले स्रोत व्यवस्थापन चुनौतिपूर्ण रहेको छ ।
- जनतामा राजनैतिक र जीवनस्तरमा परिवर्तनको अनुभूति हुने गरी समाजलाई आर्थिक, सामाजिक रूपले रूपान्तरण गर्ने कार्य सबैभन्दा ठूलो चुनौतिको रूपमा रहेको छ ।
- विश्वका आर्थिक रूपले धनी देशहरू लगायत खाडी मुलुक, मध्य एशियाका देशहरू बिच युद्धको कारण विश्व नै आर्थिक संकट, इन्धन संकटका कारण जनजीविकासँग उपभोग योग्य सामाग्रीहरूको महँगी बिच बजेट कार्यान्वयन गर्नु चुनौति देखिएको छ ।
- नगरपालिकाबाट प्रभावकारी सेवा प्रवाहको लागि अपर्याप्त र दक्ष जनशक्तिको कमी रहेकोले उपलब्ध श्रोत साधनको कुशल परिचालन गर्ने, विकास आयोजनाहरूको दक्षतापूर्वक कार्यान्वयन गर्ने तथा सार्वजनिक खर्चमा अनुशासन कायम गर्ने कार्य चुनौतिपूर्ण देखिएको छ ।
- माथि उल्लेखित चुनौतिलाई आत्मसात गर्दै साधारण खर्चलाई मितव्ययी बनाउने र विनियोजन कुशलता तथा कार्यान्वयन क्षमताको अभिबृद्धि मार्फत उत्पादन र उत्पादकत्व बृद्धि गर्ने, रोजगारीका अवसर सृजना गर्ने, आर्थिक तथा सामाजिक पूर्वाधार निर्माण गरी यस नगरपालिकाको आर्थिक बृद्धिको आधार तयार गर्दै उपलब्ध अवसर र उपलब्धीको समुचित वितरणका लागि बजेटको उद्देश्य र प्राथमिकता तय गरिएको छ ।

**सभा अध्यक्ष महोदय,**

१४. अब म गत आर्थिक बर्ष २०८१।०८२ को यथार्थ आय र व्यय सम्बन्धमा संक्षिप्त रूपमा प्रकाश पार्न चाहन्छु । गत आर्थिक बर्षमा अुनमानित विनियोजित बजेट रू.६९ करोड ७९ लाख ९९ हजार रूपैयाँ गरिएकोमा यथार्थ आन्तरिक आय, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, अन्य अनुदान समेत कूल आय रू.६२ करोड ६८ लाख २२ हजार रूपैया रहेको छ । सो मध्ये रू.५२ करोड १ लाख ३४ हजार ७ सय ६८ रूपैया र पैसा ४८ खर्च भई बाँकी रहेको रकम मध्ये संघीय र प्रदेश सरकारको सशर्त, सम्पुरक र विशेष अनुदान वापतको फिर्ता गरिएको रकम क्रमशः रू.२ करोड ४२ लाख ७० हजार ८ सय ३ रूपैयाँ ८ पैसा फिर्ता गरिएको छ । आ.व.०८१।०८२ बाँकी बैंक मौज्दात रू.१० करोड ७० लाख २६ हजार १ सय ८० रूपैयाँ आ.व.०८२।०८३ मा अल्या गरिएको छ ।

१५. गत आर्थिक बर्ष २०८१।०८२ मा तेह्रौ सभा र चौधौं बिशेष नगर सभाबाट स्वीकृत योजनाहरू सञ्चालन भए । जसमा नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरू व्यवस्थापन, अत्यावश्यक कानूनहरू निर्माण, सडकहरूको स्तरोन्नति एवं सडक सञ्जाल विस्तार, कृषकहरूको जीविकासँग जोडिएका कृषि सडक निर्माण तथा विस्तार, सडक ढलान तथा नाला निर्माण, धार्मिक, साँस्कृतिक धरोहरको संरक्षण, सौर्य सडक बत्ती जडान कृषि, सिँचाई, पशु सेवा, शिक्षा, स्वास्थ्य, सामाजिक विकास, लघु उद्यम विकास कार्यक्रम मार्फत सीप नभएका युवा युवतीहरूलाई स्वरोजगार बनाउने जस्ता विविध क्षेत्रका आयोजना तथा कार्यक्रम, सामाजिक सुरक्षा भत्ता वितरण जस्ता शिर्षकमा खर्च भएको थियो ।

१६. यसै क्रममा चालु आर्थिक वर्ष २०८२।०८३ को संशोधित आय र व्यय अनुमानको सारांश प्रस्तुत गर्न चाहन्छु । सामाजिक सुरक्षा भत्ता बाहेक चालु आर्थिक बर्षको लागि ६३ करोड ८६ लाख २५ हजार ९ सय ५१ रूपैयाँ आय र व्यय अनुमान गरिएकोमा चालु आर्थिक बर्षको अषार मसान्तसम्म सोही रकम बराबर आय र व्यय हुने संशोधित अनुमान गरिएको छ ।

मिति २०८३ असार ०७ गते सम्म कविलासी नगरपालिकाको तेह्रौ र चौधौ नगर सभाबाट आ.व.२०८२।०८३ को लागि विनियोजन भएको अनुमानित बजेट ६३ करोड ८६ लाख २५ हजार ९ सय ५१ रूपैयाँ मध्येको यथार्थ आय ४४ करोड ८९ लाख ७ हजार ५ रूपैयाँ रहेको र हाल सम्मको यथार्थ खर्च रकम २८ करोड ९२ लाख ८१ हजार ४ सय ८४ रूपैयाँ ६१ पैसा मध्ये चालु खर्च २१ करोड ३९ लाख ९ हजार ७ सय ६१ रुपैयाँ ४३ पैसा र पूँजीगत खर्च ७ करोड ५३ लाख ७१ हजार ७ सय २३ रुपैयाँ १८ पैसा रहेको जसमा चालु खर्च प्रतिशत ५६.१७% र पूँजीगत खर्च प्रतिशत २९.२३% गरी जम्मा खर्च प्रतिशत ४५.२९% रहेको छ । आय व्ययको विवरण अनुसूचीमा संलग्न भए बमोजिम अनुमोदनको लागि सभामा पेश गरेको छु ।

**सभा अध्यक्ष महोदय,**

१७. बजेटका उद्देश्य हासिल गर्न देहाय अनुसारका प्राथमिकता निर्धारण सहित कविलासी नगरपालिकाको समग्र विकासको लागि आगामी आर्थिक बर्ष २०८३।०८४ मा तपसिल बमोजिमका मुख्य मुख्य आयोजना तथा कार्यक्रमहरूको लागि बजेट विनियोजन गरी समयमा नै बजेट कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

**स्वास्थ्य तर्फ** :

१) **"स्वच्छ वातावरण स्वस्थ्य नगरवासी"** भन्ने नाराका साथ गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको समतामूलक पहूच सुनिश्चित गर्ने कार्यमा नगर सरकार प्रतिबद्ध रहनेछ । गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवा प्रवाहमा रहेका विद्यमान चुनौतीहरूलाई न्यूनीकरण गर्न, सेवा प्रदायक संस्थाहरूको व्यवस्थापकीय प्रणाली सुदृढ गराउन, नेपाल सरकारबाट प्राप्त सशर्त कार्यक्रमहरूको थप प्रभावकारी तवरले कार्यान्वयन गर्न, आयुर्वेद औषधालयको क्षमता अभिबृद्धि गर्न शक्तिबर्द्धक आयुर्वेदिक औषधी वितरण, महिलाको प्रजनन स्वास्थ्यलाई विशेष प्राथमिकतामा राखी मातृ तथा बाल स्वास्थ्य सेवालाई थप सुदृढ बनाइनेछ ।

२) स्वास्थ्य विमा कार्यक्रम, आमा सुरक्षा कार्यक्रम, पोषण कार्यक्रम, राष्ट्रिय खोप तथा विशेष खोप, भिटामिन ए तथा जुकाको औषधी वितरण, गम्भीर खालका रोगहरूबाट ग्रसित विरामी लगायताका राष्ट्रियस्तरका कार्यक्रमहरूको प्रभावकारी

कार्यान्वयन सहित नगरपालिकाको समग्र स्वास्थ्य प्रणालीको सुधारका लागि प्राथमिकता निर्धारण गरी कार्यान्वयनमा ल्याइनेछ ।

३) आधारभूत स्वास्थ्य सेवामा सबै नगरबासीहरूको पहुँच सुचिश्चित गर्नको लागि स्वास्थ्य बिमा कार्यक्रमको प्रचार प्रसारलाई व्यपकता प्रदान गर्दै स्वास्थ्य संस्थाहरूको पूर्वाधार विकासमा सहयोग पुर्याउने गरी बजेट व्यवस्था गरिने छ ।

४) "म स्वस्थ्यः मेरो समुदाय स्वस्थ्य" अभियानमार्फत घरटोलमा स्वास्थ्य प्रवर्द्धन, स्वास्थ्य सचेतना तथा समुदायस्तरीय स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

५) महिलाको स्वास्थ्य सुरक्षालाई प्राथमिकता दिँदै पाठेघरको मुखको क्यान्सर परीक्षण, विशेषज्ञ स्वास्थ्य शिविर, निःशुल्क आँखा शिविर सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

६) बर्थिङ्ग सेन्टरको स्तरोन्नती एवम् स्रोत साधनयुक्त बनाउने कार्यलाई निरन्तरता दिएको छ । उपचार निदानभन्दा रोग लाग्न नदिनु बेश भन्ने अबधारणालाई आत्मसात गर्दै आयुर्वेदका उपचार विधिहरू अपनाउन प्रचार प्रसार गरिने छ । साथै आयुर्वेदिक जडिबुटी प्रबर्द्धन गर्न आवश्यक प्रचार प्रसार लाई रणनीति बनाईने छ । पूर्ण खोप घोषणा र दिगोपनालाई निरन्तरता दिईने छ ।

७) आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाइनेछ । स्वास्थ्य संस्थामा अत्यावश्यक उपकरण, औषधी र दक्ष जनशक्तिको आपूर्ति सुनिश्चित गरिनेछ ।

८) नसर्ने रोगको रोकथाम, योग तथा जीवनशैली सुधार, मानसिक स्वास्थ्य सचेतना र स्वास्थ्य प्रवर्द्धनका अभियानमूलक कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट प्रस्ताव गरिएको छ ।

९) नागरिक स्वास्थ्यमा असर पार्ने विभिन्न हानिकारक अभ्यासहरूलाई निरूत्साहित गर्न समुदायस्तरीय सचेतनामूलक अभियान सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

१०) दीर्घरोगका बिरामीहरूलाई औषधी उपचारका लागि उपलब्ध गराउँदै आएको सहयोग रकम समयमै उपलब्ध हुने गरी आवश्यक व्यवस्था गरिएको छ ।

११) बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै पोषणमैत्री नगरपालिका निर्माणका लागि आवश्यक कार्यक्रमहरू कार्यान्वयन गर्न बजेट विनियोजन गरिएको छ ।

१२) जनस्वास्थ्यमा आईपरेको चुनौतीहरूलाई सामना गर्ने गरी यस पालिका अन्तर्गतका स्वास्थ्य सेवालाई सुदृढ/सवलीकरणको लागि स्वास्थ्य औषधी, उपकरण, मेशिन एवम् स्वास्थ्य चौकीहरूको भौतिक संरचना निर्माण गर्ने व्यवस्था गरेको छु ।

१३) **"योग गरौ निरोग रहौ"** भन्ने नाराका साथ आयुर्वेद स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरको छु ।

१४) महिला स्वास्थ्य स्वयम् सेविकाको लागि विशेष प्रोत्साहनको व्यवस्था गरिनेछ ।

१५) मधेश प्रदेश सरकारबाट घोषणा गरिएको **"मेरो स्वास्थ्य - मेरो जिम्मेवारी"** नारालाई सार्थकता दिन स्थानीय तहको सह-लागतमा सबै वडाहरूमा नागरिक आरोग्य सेवा केन्द्र स्थापना तथा उपकरण खरिद गरिने अभियानलाई सार्थक बनाउन आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

१६) संघीय र प्रदेश सरकारबाट स्वास्थ्यका लागि सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भई आएको रू. ४ करोड १५ लाख रूपैयाँको कार्यक्रम तथा बजेटलाई सोही कार्यक्रममा खर्च गर्ने व्यवस्था मिलाएको छु ।

**शिक्षा तर्फ :**

१. शिक्षा प्रणालीलाई आर्थिक, सामाजिक रूपान्तरणको संवाहकको रूपमा विकास गर्नका लागि सबै तहको शिक्षामा समतामूलक पहुँचको सुनिश्चितता, गुणस्तरमा सुधार, अब्बल व्यवस्थापकीय क्षमताको विकास, सामुदायिक एवम् संस्थागत विद्यालय बीचको दुरीको अन्त्य, असल अभ्यासको आदानप्रदान, "प्रयास गरे

परिवर्तन सम्भव छ" भन्ने मान्यता स्थापित गर्नका लागि शैक्षिक प्रणालीलाई जिम्मेवार जवाफदेही, पारदर्शी, नतिजामुखी र उत्तरदायी बनाउँदै नगरपालिककालाई शैक्षिक क्षेत्रको केन्द्रको रूपमा विकास गरिने छ। यसका लागि आवश्यक भौतिक पूर्वाधार निर्माण, समुदायको अपनत्व विकास, सघन र नियमित अनुगमन, समन्वयात्मक प्रयास लगायतका शैक्षिक सुधारका कार्यक्रमहरू सञ्चालन लाई निरन्तरता गरिएको छ।

२. शिक्षामा विद्यमान कानुनी, संस्थागत र प्रक्रियागत सुधारलाई थप सुदृढ बनाउदै विगतबाट सिकिएका पाठहरूको आधारमा रणनीतिक ढङ्गले अगाडि बढिने छ। सामुदायिक विद्यालयप्रति अभिभावक, विद्यार्थी र आम सरोकारवालाको आकर्षण बढाउदै लैजाने रणनीति अवलम्बन गरिनेछ।

३. सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना अभियान, सामुदायिक पुस्तकालय स्थापना, भौतिक पूर्वाधार निर्माण, आवश्यक दरबन्दी थप तथा मिलान, विद्यालय अनुगमन, पूर्ण सरसफाइयुक्त विद्यालय, एकिकृत र नतिजामा आधारित अनुगमन योजनाको निर्माण विद्यालयका शिक्षक, कर्मचारीहरूको क्षमता अभिबृद्धि लगायताका प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिने छ। नियमितता, शिक्षण प्रभावकारिता र विद्यार्थीको सिकाइ उपलब्धी एवम् नतिजाका आधारमा उत्कृष्ठ ठहरिएका विद्यालयलाई पुरस्कृत गरिने नीतिलाई निरन्तरता गरिनेछ। साथै विद्यालय दिवा खाजा कार्यक्रमलाई प्रभावकारी साथ कार्यान्वयन गरिने छ।

४) **"निःशुल्क मात्र होइन, गुणस्तरीय र प्रविधिमैत्री शिक्षा"** को अवधारणलाई व्यवहारमा कार्यान्वयन गर्न संघीय सरकारबाट प्राप्त सशर्त कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, प्रविधिको उपयोग विस्तार तथा सम्बन्धित निकायहरूसँग समन्वय र सहकार्यलाई प्राथमिकता दिइनेछ।

५) निजी र सामुदायिक संघ संस्थाहरूको सहकार्यमा नगर स्तरीय विभिन्न खेलकुद प्रतियोगिताको आयोजना गरिनेछ।

६) राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा नगरको प्रतिष्ठा बढाउन योगदान पुर्याउने युवा र युवाको क्षेत्रमा उत्कृष्ट काम गर्ने व्यक्ति र संस्थालाई सम्मान एवम् पुरस्कृत गरिने छ । युवाहरूको क्षमता विकासको लागि युवा परिचालन कार्यक्रम सञ्चालन गरिने छ ।

७) सामुदायिक विद्यालय एवम् शिक्षालयहरूको भौतिक तथा शैक्षिक पूर्वाधारको विकास गरी गुणस्तरीय प्राविधिक शिक्षामा पहुँच अभिवृद्धि गर्न बजेटको व्यवस्था मिलाएको छु ।

८) शैक्षिक सँस्थाहरूको पुर्नउत्थानका लागि शैक्षिक कृयाकलापहरूलाई स्वास्थ्य सम्बन्धी मापदण्ड र सुरक्षित हिसाबले सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

९) मधेश प्रदेश सरकारको **"अप्पन बच्चाके स्कुल पठाऊ, साक्षरता के दीप जलाऊ"** नारालाई सार्थक बनाउन विपन्न र सीमान्तकृत समुदायका बालबालिकालाई लक्षित गरी सघन साक्षरता अभियान सञ्चालन गर्न प्रदेश सरकारसँग आवश्यक सहयोग र समन्वय गरिनेछ ।

१०) संघीय र प्रदेश सरकारबाट शिक्षाका लागि सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भई आएको रकम रू.१६ करोड ३७ लाख रूपैयाँको कार्यक्रम तथा बजेटलाई सोही कार्यक्रममा खर्च गर्ने व्यवस्था मिलाएको छु ।

**महिला, बालबालिका, जेष्ठ नागरिक तथा समाज कल्याण तर्फ** :

१) महिलाको क्षमता अभिबृद्धि, निर्णय प्रक्रियामा सहभागीता र नेतृत्व विकासलाई प्रवर्द्धन गर्न महिला सशक्तिकरण कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

२) जनप्रतिनिधि, कर्मचारी तथा भावी नेतृत्व तयार गर्ने उद्देश्यले नेतृत्व विकास तथा प्रशिक्षण तालिम सञ्चालन गर्न आवश्यक बजेट प्रस्ताव गरिएको छ ।

३) बालबालिकाको अधिकार संरक्षण, सुरक्षित वातावरण निर्माण तथा बालमैत्री वडा घोषणाका गतिविधिलाई प्रभावकारी बनाउन बाल अधिकार समिति, बाल सञ्जाल, बाल क्लबका सदस्य तथा सरोकारवालाहरूको क्षमता विकास, तालिम तथा सचेतना कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

४) महिला, बालबालिका तथा फरक क्षमता भएकाहरूसँग सम्बन्धित चेतनामूलक प्रचारप्रसार तथा सामग्री उत्पादन, प्रकाशन र वितरण गरिने छ । संचार माध्यमसँगको सहकार्यमा लैङ्गिक क्षमता सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने कार्य गरिने छ । महिला माथि हुने हिंसा न्यूनिकरणका लागि अभियान सञ्चालन गरिनेछ। किशोरीको बहुआयामिक विकास, लैङ्गिकतामा आधारित हिंसा, प्रजनन स्वास्थ्य र बाल अधिकार प्रवर्द्धन अन्तर्गत तालिमको व्यवस्था गरिनेछ। साथै नगरलाई बालविवाह मुक्त नगरपालिका घोषणा गर्न थप प्रोत्साहन र क्षमता विकासका कार्यक्रम संचालनमा ल्याइनेछ।

५) पूर्ण अशक्त एवम् अपाङ्गता भएका व्यक्तिहरूको पुनर्स्थापना कार्यक्रम सञ्चालनका लागि समन्वय गरिनेछ । अपाङ्गता भएका व्यक्तिमैत्री भौतिक संरचना निर्माणको लागि पहल गरिनेछ । अपाङ्ग शिविरको व्यवस्थापनमा सहयोगका साथै जनप्रतिनिधिहरूलाई जातीय, लैङ्गिक समानता, महिला सशक्तीकरण लैङ्गिक हिंसा निवारण तथा बाल अधिकार सम्बन्धी अभिमुखीकरण कार्यक्रम कार्यान्वयनमा लगिनेछ।

६) नगरपालिकामा ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापनाको लागि आवश्यक पूर्वाधार निर्माणमा सहयोग गर्न समन्वय गरिनेछ। जेष्ठ नागरिकहरूको सम्मानका लागि सरोकारवालाहरूको संयोजनमा सबै वडाहरूमा "ज्येष्ठ नागरिक स्वास्थ्य शिविर" र "ज्येष्ठ नागरिक सम्मान कार्यक्रम" को लागि आवश्यक व्यवस्था मिलाइने छ।

७) किशोर किशोरीहरूलाई साथी शिक्षा, प्रजनन स्वास्थ्य र यौनसम्बन्धी विषयहरूमा चेतना अभिबृद्धि गरी सभ्य र सुरक्षित व्यवहार प्रवर्द्धन गर्ने कार्यक्रमलाई

प्राथमिकता दिइने छ । संविधान प्रदत्त समावेशी विकास सम्बन्धी हकहरू तदारूकताका साथ कार्यान्वयनमा ल्याइनेछ ।

८) जेष्ठ नागरिक सम्मान कार्यक्रम तथा ज्ञान,सीप र अनुभव साटासाट एवम् पुस्तान्तरण र हस्तान्तरण कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**लघु उद्यम विकास कार्यक्रम तर्फ :**

१) नगरमा उत्पादित वस्तु, कच्चा पदार्थ र सीपमा आधारित व्यवसायलाई प्राथमिकता दिई युवा उद्यमी विकास सम्बन्धी कार्यक्रमहरू मार्फत रोजगारी सिर्जना गर्ने क्रियाकलाप सञ्चालनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

२) रोजगार सिर्जनाका लागि अपाङ्ग, विपन्न, दलित, महिलाहरूको जीविकोपार्जन सुधारका लागि तालिम कार्यक्रम मार्फत सीप, प्रविधि, सामाग्री सहित व्यवसायिक तथा सीपमूलक तालिम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

३) वहुसंख्यक युवाहरू वैदेशिक रोजगारबाट फर्कि रहेको वर्तमान सन्दर्भमा ती युवाहरूलाई स्वदेशमा नै रही स्वाबलम्बी बन्नका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत तथा अन्य सीपमूलक, रोजगारमूलक कार्यक्रम तर्फ आकर्षण गरी स्वदेशमा नै रहने वातावरण सिर्जना गर्नको लागि युवा तथा महिला लक्षित विकास कार्यक्रम संचालनको व्यवस्था मिलाएको छ ।

४) प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाउन रोजगार सेवा केन्द्रलाई साधन स्रोत सम्पन्न बनाई आन्तरिक रोजगारी श्रृजना गरिनेछ ।

५) संघीय र प्रदेश सरकारबाट लघु उद्यम विकास कार्यक्रमका लागि सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भई आएको रकम रू.१२ लाखको कार्यक्रम तथा बजेटलाई सोही कार्यक्रममा खर्च गर्ने व्यवस्था मिलाएको छु ।

**कृषि सेवा तर्फ :**

१) लागत साझेदारीमा साना किसानहरूका लागि साना सिँचाई तथा कृषि यान्त्रिकरण सहयोग कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट प्रस्ताव गरिएको छ ।

२) **"कृषिको मुख्य आधार, माटोको स्वास्थ्य सुधार"** अभियान अन्तर्गत रासायनिक मलको अत्यधिक प्रयोगले माटोमा बढेको अम्लीयपन कम गर्न र उत्पादकत्व बढाउन माटो परीक्षण घुम्ती प्रयोगशाला सञ्चालन गर्न डिजिटल विधिबाट माटो परीक्षण, माटो सुधारका लागि आवश्यक कार्यक्रम, ५० प्रतिशत अनुदानमा बीउ वितरण तथा साना किसान लक्षित कृषि उपज र तरकारी मिनि किट सहयोग कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

३) बाली विशेष सञ्जाल, कृषक समूह तथा समन्वय समिति गठन/पूनर्गठनको व्यवस्था गरिनेछ । राष्ट्रिय धान दिवस तथा विश्व खाद्य दिवसको अवसरमा कृषक सम्मान कार्यक्रम समेत सञ्चालन गरिनेछ ।

४) किसान सूचीकरण निरन्तरता तथा सफ्टवेयर व्यवस्थापन गर्ने कार्यलाई अघि बढाइनेछ ।

५) कविलासी नगरपाकिलाको सिँचाइ अन्तर्गत प्रमुख कुलो तथा नहर सिँचाई प्रणालीको सुदृढीकरणका लागि सरोकारवालाहरूसँगको सहकार्यमा उपयुक्त कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिने छ । नगरपालिका भित्रका नहर तथा कुलाहरूमा सघन सरसफाइ कार्यक्रम सञ्चालन गरी सिँचाई प्रणालीलाई चुस्त दुरूस्त बनाइने छ ।

६) कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गर्न कृषकहरूको लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन, कृषकहरूको लागि कृषि सामग्री, गहुँको बिउ, खाद्य, उपकरण अनुदान तथा वितरणको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छ ।

७) कृषकहरूलाई व्यवसायमुखी, आर्थिक उन्नती हासिल गर्न कृषकहरूको लागि तालिम, अन्तरक्रिया, विषादी, मल, विषादी छर्ने सामग्रीको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

८) **"उत्पादनशील मधेश, आत्मनिर्भर देश र "Madhesh can feed the Nation"** मधेश प्रदेश सरकारको अभियानलाई सार्थकता दिन किसानलाई उन्नत बीउ खरिदमा अनुदान दिन बजेट विनियोजन गरिएको छ ।

१०) संघीय र प्रदेश सरकारबाट कृषि विकास कार्यक्रमका लागि सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भई आएको रकम रू.१८ लाखको कार्यक्रम तथा बजेटलाई सोही कार्यक्रममा खर्च गर्ने व्यवस्था मिलाएको छु ।

**पशु विकास तर्फ :**

१) पशुपन्छी उपचारका लागि आवश्यक औषधी खरिद, प्रयोगशाला व्यवस्थापन, उपचार सामाग्रीको व्यवस्था तथा महामारीजन्य रोग नियन्त्रणका कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

२) पशुपन्छीमा लाग्ने सरूवा रोग नियन्त्रण, नमूना संकलन तथा परीक्षण, नियमित खोप सेवा सञ्चालन र रेबिज रोग उन्मूलन कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

३) पशु प्रजनन सुधार, कृत्रिम गर्भाधान सेवा तथा कृषकलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराई उत्पादन बृद्धि गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**सहकारी विकास तर्फ :**

१) कृषि, बचत तथा ऋणको कार्यक्रम सञ्चालन गर्ने सहकारी मार्फत वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिने छ । निजी क्षेत्र, गैरसरकारी क्षेत्र र विकासका साझेदारहरूसँगको सहकार्यबाट सहकारी प्रवर्द्धन, समुह सहकारीकरण, सहकारी सचेतना, सहकारीमा रहेको पुँजी परिचालन, सहकारी मार्फत लगानीको अभिवृद्धि,

सहकारी खेती प्रणाली लगायतका कार्यक्रमहरू सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

२) सहकारी संस्थाहरूको सुदृढीकरण, विकास र प्रवर्द्धनको लागि नियमित अनुगमन, नियमन र निरीक्षणको व्यवस्था मिलाइने छ । सहकारी संघ संस्थाहरूसँग सहकार्य गरी सहकारी पसल, कृषि उत्पादनमूलक उद्योग व्यवसाय संचलन गर्ने सहकारीलाई नगरले प्रोत्साहन गर्ने नीति लिनेछ। नगरभित्रका सहकारी संस्थाहरूको अभिलेख अद्यावधिक गरिने छ ।

३) सूचना प्रविधि तथा कोपोमिस तालिम, सहकारी दिवस, अनुभव आदानप्रदान तथा उत्कृष्ट सहकारी सम्मान कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

४) महिलाहरूद्वारा सञ्चालित महिला सहकारी, किसानहरू र कम आयस्तर रहेका नागरिकहरू आबद्ध रहेका सहकारी संस्थाहरूको क्षमता अभिबृद्धिका लागि आवश्यक सहयोग पुर्याइने छ ।

५) पालिका अन्तर्गतका सलेमपुर, पिपरिया र जमुनिया पशु सेवा केन्द्रको स्तरोन्नतीको लागि बजेटको व्यवस्था गरिएको छ ।

**विद्युत, खानेपानी र सिँचाई तर्फ :**

१) नगरको विद्युत सेवालाई भरपर्दो र गुणस्तरीय बनाउनको लागि विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युत पोल र ट्रान्सफर्मतर जडान, सडक बत्ती व्यवस्थापन लगायतका पूर्वाधार निर्माणको कामलाई प्राथमिकता दिइने छ ।

२) नगर भित्र रहेका घरधुरी जो स्वच्छ खानेपानीको पहुँचबाट बञ्चित रहेको छ, उनिहरूको लागि आधारभूत खानेपानी सेवा विस्तार गरिनेछ । यसको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

३) प्रदेश सरकारको नीति तथा कार्यक्रममा रहेको तराई मधेशमा सुख्खायाममा हुने खानेपानीको चरम अभाव र आर्सेनिकको समस्यालाई दीर्घकालीन रूपमा समाधान गर्न स्थानीय तहसँगको सहकार्यमा **"एक गाउँ, एक डिप बोरिङ" र "स्वच्छ खानेपानी अभियान"** सञ्चालन गरी घरघरमा धारा जडान कार्यक्रमलाई प्रभावकारी बनाउन प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

**पूर्वाधार विकास तर्फ :**

१) पूर्वाधार विकास जनसरोकारसँग जोडिने प्रमुख क्षेत्र हो । यसअघि कार्यान्वयनमा आएर सम्पन्न हुन नसेका तथा पूरा गर्नुपर्ने सडक र अन्य पूर्वाधारका अधुरा आयोजनाहरू पूरा गर्ने कार्यलाइ प्राथमिकता दिने गरी आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रमहरू प्रस्ताव गरिएको छ । नगरापालिकालाई दीर्घकालीन लाभ दिने योजना कार्यान्वयन गरी आत्मनिर्भरता हासिल गर्ने गरी पछिल्लो समयमा देखिएको जलवायु प्रतिकुलतालाई अनुकुल बनाउन बहुउद्देश्यीय परियोजनाहरू अघि सारिएका छन् ।

२) नगर तथा वडास्तरीय योजना तथा कार्यक्रमहरूका लागि रू.११ करोड विनियोजन गरिएको छ ।

३) नगरपालिकाको प्राथमिकता प्राप्त आयोजना तथा संघ, प्रदेश र अन्य निकायसँगको साझेदारीमा सञ्चालन हुने विकास कार्यक्रमलाई प्रभावकारी बनाउन समपूरक कोषका लागि बजेट विनियोजन गरिएको छ । यसबाट रणनीतिक महत्वका आयोजना कार्यान्वयनमा सहजीकरण हुने विश्वास लिइएको छ ।

४) यस आर्थिक वर्षमा सम्पन्न नभई दायित्व सिर्जना हुने तथा निर्माणधीन आयोजनाहरूको आर्थिक दायित्व व्यवस्थापन गर्दै वित्तीय अनुशासन कायम गर्न भुक्तानी दिन बाँकी दायित्वका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

५) यस आर्थिक वर्षमा प्रस्ताव गरिएका तर स्रोतमा आएको संकुचनका कारण कार्यान्वयन हुन नसकेका र अधुरा योजना सम्पन्न गर्नका लागि र नगरस्तरीय अन्य आयोजनाका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

६) वडा तहबाट पहिचान भएका तथा स्थानीय आवश्यकता र जनसरोकारसँग प्रत्यक्ष जोडिएका पूर्वाधार विकास सम्बन्धी योजनालाई सम्बोधन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

७) वडा स्तरीय सामाजिक, आर्थिक क्षेत्रको विकास, भौतिक पूर्वाधारको निर्माण एवं सुधार तथा संस्थागत क्षमताको विकासको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

८) नगर भित्रको सडक, पुल, भवन निर्माण आयोजना अन्तर्गत आगामी आ.व.मा सडक, पुल, कल्भर्ट, ह्युमपाइप जडान लगायत भौतिक पूर्वाधार निर्माणको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**धार्मिक साँस्कृतिक तथा पर्यटन प्रबर्द्धन तर्फ :**

१) नगरपालिका भित्र रहेका ऐतिहासिक पुरातात्विक महत्वका सम्पदाहरूको अभिलेखिकरण, प्रवर्द्धनका लागि आवश्यक रणनीति तय गरिनुका अतिरिक्त पर्यटकीय महत्वका विविध विषयहरूलाई समेटी तयार गरिएका बृत्तचित्र लाई सबै सामु पुर्याउन अभियान संचालन गरिने र थप अन्य माध्यमबाट प्रचार प्रसार गरिनेछ ।

२) नगर भित्रका प्रसिद्ध धार्मिक स्थलहरूमा आवश्यक भौतिक सुधार गरी उपयुक्त र आकर्षक मूर्तिहरू समेत राखिनेछ । यसबाट धार्मिक स्थलहरू व्यवस्थित भई आकर्षणका केन्द्र बन्न सक्ने अपेक्षा गरिएको छ ।

३) नगरभित्रका उत्कृष्ट कलाकारहरूलाई पुरस्कृत गर्ने, कलाको संरक्षण गर्ने लगायतका कामहरूलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ । नगरपालिकाभित्र लुकेर रहेका प्रतिभाहरूको पहिचानको लागि विभिन्न प्रकारका मैत्रीपूर्ण प्रतिस्पर्धा

गरी कला, साहित्य र सृजनाको संरक्षण र संबर्द्धन गरिने कार्यलाई निरन्तरता दिएको छ।

४) परम्परागत चाडपर्वहरू, समा-चकेवा, झिझिया, तिज, जितिया, पुजा महोत्सव, मेला जस्ता सामाजिक सदभाव र एकता कायम गर्ने पर्वहरूको संरक्षणका लागि सहयोग गरिने छ र आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

५) पालिकाका गौरव एवं ऐतिहासिक, पुरातात्विक महत्व बोकेका गढीमाई मन्दिर, सर्लाहीया माई मन्दिर, चमेली माई मन्दिर, गरगटनाथ मन्दिर, बाल्मिकी आश्रमको लागि आवश्यक बजेटको व्यवस्था मिलाइएको छ।

६) नगरभित्रका विभिन्न दाहसंस्कार स्थलहरूको पहिचान गरी आवश्यक पूर्वाधार निर्माणको लागि पहल गरिने छ।

**<u>सेवा प्रवाह र सुशासन तर्फ</u>** :

१) नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि, पारदर्शिता, जवाफदेहिता र प्रभावकारी सेवा प्रवाहलाई कायम राख्न सेवा प्रवाह तथा सुशासन उपक्षेत्रमा आवश्यक बजेट विनियोजन गरिएको छ।

२) जनउत्तरदायी शासन र पारदर्शिता प्रवर्द्धन गर्न त्रैमासिक सार्वजनिक सुनुवाई, सामाजिक लेखा परीक्षण र लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिकरण परीक्षण कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरिएको छ।

३) सेवा प्रवाहलाई प्रविधिमैत्री र प्रभावकारी बनाउन सूचना प्रणाली, सफ्टवेयर खरिद तथा परामर्श सेवा शुल्कका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।

४) कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकास र सुशासन सुदृढीकरणका लागि तालिम, गोष्ठी, योग तथा नैतिकता अभिवृद्धि सम्बन्धी तालिम सञ्चालन गरिनेछ।

५) जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालाको क्षमता विकास गरी सेवा प्रवाह प्रभावकारी बनाउन सार्वजनिक खरिद, आयोजना व्यवस्थापन, सम्झौता व्यवस्थापन, योजना तथा बजेट निर्माण, कार्यान्वयन र अनुगमन सम्बन्धी क्षमता अभिवृद्धि गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

६) स्थानीय तहसँगको सहकार्य र सहभागितामूलक विकास प्रणाली सुदृढ गर्न उपभोक्ता समितिका पदाधिारीहरूको अभिमुखीकरण कार्यक्रमको लागि बजेट विनियोजन गरिएको छ ।

७) संस्थागत संस्कृति, पेशागत दक्षता र नागरिकमैत्री सेवा प्रवर्द्धन गर्न जनप्रतिनिधि तथा कर्मचारीहरूको नैतिकता, सदाचारिता, योग, ध्यान तथा सेवाकालीन तालिम कार्यक्रमका लागि बजेट छुट्याइएको छ ।

८) नगरपालिकाको संस्थागत संरचना सुदृढ गर्न अनुगमन तथा मूल्यांकन, विषयगत समिति सञ्चालन, बेरूजु फछ्र्यौट, लेखा व्यवस्थापन तथा सार्वजनिक सुनुवाई जस्ता सुशासनका कार्यक्रमहरूलाई प्रभावकारी बनाइनेछ ।

९) दिगो योजना निर्माण, डिजिटल सुशासन र संस्थागत सुदुढीकरणका लागि अध्ययन अनुसन्धान, डिजिटल प्रविधि, कृत्रिम बुद्धिमत्ता, साइबर सुरक्षा, नगरपालिका सावरी साधन सञ्चालन तथा मर्मत, विषयगत समिति सञ्चालन र बेरूजु फछ्र्यौट सम्बन्धी कार्यका लागि बजेट व्यवस्था गरिएको छ ।

१०) विवाद समाधानका वैकल्पिक उपाय एवम् मेलमिलाप सम्बन्धी विद्यमान प्रक्रियालाई थप स्पष्टताका साथ अगाडि बढाइनेछ । नयाँ कानुन, कार्यविधि, मापदण्डको अध्ययन अनुसन्धान एवम् मस्यौदा तयार पारिने छ । स्थानीय न्याय सम्पादन प्रकृयालाई छिटो छरितो र थप व्यवस्थित गरिनेछ । न्यायिक समितिको कामलाई वस्तुपरक बनाउन संस्थागत विकास गरिने छ ।

११) सवारी दुर्घटना न्यूनिकरण, सडक सुरक्षा कार्ययोजना, सवारी दुर्घटना र सुरक्षित यात्रासँग सम्बन्धित सचेतनामूलक कार्यक्रमहरू अभियानका रूपमा सञ्चालन गरिने छ । ट्राफिक प्रहरीसँगको सहकार्यमा मुख्य मुख्य बजार केन्द्रमा ट्राफिक सङ्केत चिन्हहरू निर्माण गराईने छ । ट्राफिक सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१२) नगरपालिकामा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने प्रणालीको विकास गरिनेछ । नगरपालिका करार कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्धता गराउने कार्य गरिनेछ ।

१३) नगरपालिका भित्र मौजुदा सुरक्षा निकाय एवम् सुरक्षा पोष्टको स्तर सुधारको लागि आपसी समन्वयमा आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

१४) घुम्ती शिविर मार्फत सामाजिक सुरक्षा भत्ता वितरण हुँदै आएको कार्यलाई बैंकसँग समन्वय गरी निरन्तरता दिइनेछ । साथै सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई अझ बढी सरल र सहज रूपमा वितरण गर्न अन्य अतिरिक्त बैंकसँग समन्वय गरिनेछ ।

१५) नगरपालिकाबाट निर्मित ऐन, कानून, नीति र नियमहरूको व्यवस्थित प्रकाशन र वितरण गर्दै सर्वसाधारणको पहुँचसम्म पुर्याउन बिशेष जोड दिइनेछ ।

१६) नेपाल सरकारको नीति अनुरूप राष्ट्रिय परिचयपत्रलाई राज्यबाट प्रवाह हुने सेवा सुविधासँग आवद्ध गर्दै राहदानी, सामाजिक सुरक्षा, व्यक्तिगत घटना दर्ता र स्थायी लेखा नम्बरलाई राष्ट्रिय परिचयपत्रसँग आवद्ध गर्न सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरणको इकाइ लाई निरन्तरता दिएको छु । जसको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

**विपद् व्यवस्थापन तर्फ :**

१) विपद् जोखिम न्यूनीकरण तथा राहत व्यवस्थापनलाई प्रभावकारी बनाउन विपद् व्यवस्थापन कोषमा रू.२५ लाख विनियोजन गरिएको छ ।

२) विपद्को समयमा तत्काल सेवा प्रवाह र समन्वयलाई प्रभावकारी बनाउन स्थानीय आपकालीन कार्य सञ्चालन केन्द्र (LEOC) सञ्चालन तथा व्यवस्थापनका लागि बजेट विनियोजन गरिएको छ ।

३) नगर भित्र हुन सक्ने विपद् पूर्वतयारी, विपद् व्यवस्थापन, विपद् प्रतिकार्य, क्षति न्यूनिकरण लगायतका विषयहरूलाई समेटी पूर्व तयारी रणनीति तय गरिने छ । विपद् पछि आवश्यक पर्ने औजार, खुला क्षेत्र, खाद्य सामग्री, औषधी उपचार जस्ता पूर्व तयारीको बारेमा सचेतनामूलक सामग्री वितरण गरिने छ । साथै आपतकालिन कार्य संचालन केन्द्रलाई निरन्तरता दिई कार्यान्वयनमा ल्याईने कार्य गरिनेछ ।

४) स्थानीय नागरिकलाई परिवर्तित जलवायु अनुकुलनको जीवनशैली, उत्पादन र उपभोग पद्धतिको अभ्यास गर्न आवश्यक ज्ञान, सीप, क्षमता अभिबृद्धि गर्न प्रोत्साहन गरिनेछ । खाली, सार्वजनिक, बाँझो, पर्ति, नदी उकास र नदी किनार लगायतका जमिनमा बृक्षारोपण तथा वन विस्तार कार्यक्रम सञ्चालन गरिनेछ ।

५) प्राकृतिक विपदी एवम् मानव सिर्जित क्रियाकलापबाट बिग्रिने, टुटफुट हुने सडकको मर्मत सम्भारको लागि मर्मत सम्भार कोषमा आवश्यक बजेट विनियोजन गरिएको छ ।

**न्यायिक समिति :**

१) न्यायिक समितिको नियमित कार्य सञ्चालन तथा सेवा प्रवाहलाई व्यवस्थित बनाउन न्यायिक समिति बैठक भत्ता र विवाद समाधान सम्बन्धी आवश्यक व्यवस्थाका लागि बजेट विनियोजन गरेको छ ।

२) मेलामिलाप प्रणालीलाई थप प्रभावकारी र गुणस्तरीय बनाउन न्यायिक समिति तथा मेलमिलापकर्ताको क्षमता विकासका लागि पुनर्ताजगी तालिम सञ्चालन गर्न बजेट विनियोजन गरिएको छ ।

३) न्यायिक समिति तथा मेलमिलाप केन्द्रको संस्थागत क्षमता सुदृढ गर्न आवश्यक व्यवस्थापन तथा सञ्चालनका लागि बजेट प्रस्ताव गरिएको छ ।

४) समुदायस्तरमा कानुनी सचेतना अभिवृद्धि गर्दै हिंसा न्यूनीकरण र न्यायिक अभ्यासको अनुभवन आदानप्रदान गर्न वडा तहमा कानुनी सचेतना कार्यक्रम तथा न्यायिक संवाद/अध्ययन अवकोलन भ्रमणका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

**<u>चालु तथा प्रशासनिक खर्च</u>** :

१) नेपाल सरकारले आर्थिक वर्ष २०८३।०८४ को बजेट मार्फत २०८३ साल साउन १ गतेदेखि लागू हुने गरी राष्ट्रसेवक कर्मचारीहरूलाई महङ्गी भत्ता तथा तलबमान १० प्रतिशतले बृद्धि गर्ने व्यवस्था गरेकोमा नगरपालिकामा कार्यरत सबै राष्ट्रसेवक कर्मचरीहरूलाई महङ्गी भत्ता तथा प्रोत्साहन भत्ता उपलब्ध गराउन तथा तलबमान १० प्रतिशत बृद्धि गरि बृद्धि भएको तलबमानको १० प्रतिशत प्रोत्साहन रकम समेतका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

२) करार सेवामा कार्यरत कर्मचारीहरूको मनोबल अभिबृद्धि गर्न योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने कार्यलाई निरन्तरता दिइइको छ ।

३) कार्यालयका लागि आवश्यक फर्निचर, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेसिन लगायतका उपकरण खरिद तथा सवारी साधन मर्मत र सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

**सभाअध्यक्ष महोदय,**

१८) नगरस्तरीय गौरवका योजनाहरूको सम्भाव्यता अध्ययनको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

१९) कविलासी नगरपालिकामा स्थायी बसोबास गरिरहेका नगरबासीले छोरीको विवाह स्नातक तह उत्तिर्ण पश्चात गरेमा रू.५०,०००।- (अक्षरेपी रू.पचास हजार मात्र) आर्थिक सहयोग दिने कार्यक्रमलाई निरन्तरता दिइएकोछ ।

२०) राष्ट्रिय भूमि आयोगसँग समन्वय गरी भूमिहीन दलित, भूमिहीन सुकुम्बारी र अव्यवस्थित बसोबासीको व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

२१) बजेट, योजना तथा कार्यक्रममा सबै वर्ग, लिंग, समुदायलाई समेटेको छु । विस्तृत योजना तथा कार्यक्रम अनुसूचिमा समावेश गरेको छु ।

२२) राष्ट्रिय गौरवका तथा बढी लगानी लाग्ने योजनाहरूलाई केन्द्रीय तथा प्रदेश स्तर योजनाको रूपमा तयार गरी पेश गर्ने व्यवस्था मिलाएको छु ।

**सभा अध्यक्ष महोदय,**

२३. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनको लागि बजेट विनियोजन तथा स्रोत व्यवस्थापनको योजना प्रस्तुत गर्दछु ।

२४. आगामी आर्थिक बर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रू.६० करोड १० लाख रूपैयाँ विनियोजन गरेको छु । उक्त अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये नेपाल सरकार वित्तीय समानीकरण अनुदानबाट रू.११ करोड ८४ लाख, संघीय सशर्त अनुदानबाट (चालु) तर्फ २१ करोड १३ लाख, संघीय सशर्त अनुदानबाट (पुँजीगत) तर्फ ४ करोड ५६ लाख, संघीय समपुरक अनुदानबाट रू.१ करोड ३३ लाख, राजस्व बाँडफाँडबाट रू.१० करोड २६ लाख ५३ हजार रूपैया, प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान रू.८१ लाख ६० हजार, प्रदेशबाट

प्राप्त हुने सशर्त अनुदान रू.४० लाख, प्रदेश विशेष अनुदान ३० लाख, प्रदेश सम्पुरक अनुदान रू.२० लाख, सवारी साधन करको बाँडफाँड रू.७८ लाख ८७ हजार रूपैयाँ, सडक बोर्ड नेपालबाट रू.३० लाख, घर जग्गा रजिष्ट्रेशन दस्तुर रू.५० लाख, आन्तरिक राजस्वबाट रू.१ करोड गत आ.व. २०८२।०८३ को मौज्दात रू.६ करोड रहेको छ ।

२५. बजेट प्रस्तुत भएका कार्यक्रमहरूको समयबद्ध कार्ययोजना तयार गरी आर्थिक बर्षको पहिलो दिनदेखि नै कार्यान्वयन गरिनेछ । कार्यक्रम कार्यान्वयनका लागि हरेक क्षेत्रमा आवश्यक ऐन, नियमावली तथा कार्यविधिहरूको तर्जुमा र परिपालनाको माध्यमबाट सार्वजनिक खर्चमा मितव्ययीता अपनाइनेछ ।

२६. आगामी वर्षको बजेट तथा कार्यक्रमहरूलाई आवश्यकता अनुसार परिवर्तन/ परिमार्जन गर्न सकिने गरी साथै योजना बनाइएका कार्यहरू सञ्चालनमा गतिशिलता ( लचकता) ल्याउने गरी बजेट विनियोजन गरिएको छ ।

२७. कविलासी नगरपालिकाको आर्थिक विधेयक,२०८३ र विनियोजन विधेयक,२०८३ स्वीकृतिको लागि यसैसाथ पेश गरेको छु ।

**सभा अध्यक्षज्यू ,**

२८. प्रस्तुत बजेट तर्जुमा गर्दा मार्ग निर्देशन प्रदान गर्नु हुने यस क्षेत्रका प्रतिनिधि सभाका माननीय सदस्यज्यूहरू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू प्रति हार्दिक आभार प्रकट गर्दछु । आ-आफ्नो तर्फबाट अमूल्य सुझाव दिई बजेट तर्जुमा कार्यलाई मार्ग प्रशस्त गर्नु हुने कविलासी नगरपालिकाका प्रमुखज्यू, वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, वडा सदस्यज्यूहरू, विभिन्न समितिका पदाधिकारीज्यूहरू प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेट तर्जुमाको क्रममा अहोरात्र खट्नुहुने सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु । सम्पूर्ण राजनितिक दलका पदाधिकारीज्यूहरू, निजी क्षेत्र तथा विकास साँझेदार सँस्थाका महानुभावहरू, बुद्धिजीविज्यूहरू, विषय विज्ञ, सञ्चार जगत लगायत नगरको विकासमा बृहत्तर सहयोग गर्ने आदरणीय नगरबासीहरू सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

२९. अन्त्यमा, नगरको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउने आम नागरिक, करदाता, नगरको हित र समुन्नतिमा योगदान पुर्याउने सबै विकास, साझेदार, सरकारी, गैर सरकारी, सामुदायिक संस्थाहरू प्रति हार्दिक आभार व्यक्त गर्दै यस बजेटको सफल कार्यान्वयनमा सबैको सहयोग र साथ पाउने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद !

मिति २०८३।०३।०८ गते सोमबार ।